# देवचुली नगरपालिकाको नगर उप-प्रमुखले १८ औं अधिवेशनमा पेश गर्नु भएको बजेट वक्तव्य ।


<u>प्रस्तुतकर्ता</u>

पार्वता तिवारी

नगर उप-प्रमुख


देवचुली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश

*मिति: २०८३ असार ०५ गते शुक्रबार ।*

Scanned with OKEN Scanner

# देवचुली नगरपालिकाको आर्थिक वर्ष २०८३/ ०८४ को वजेट वक्तव्य ।

नगरसभाका सभाध्यक्ष ज्यू,

नगरसभाका सदस्य ज्यूहरु,

- ❖ यस नगरपालिकाको १८ औं अधिवेशनमा आ.व २०८३/०८४ को बजेट तथा कार्यक्रम पेश गर्न पाउँदा गौरव महशुस गरेको छु ।
- ❖ यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, स्वाभिमान, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनका साथै विभिन्न काल खण्डमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिद प्रति भावपूर्ण श्रद्वान्जली अर्पण गर्दछु ।
- ❖ नेपालको संविधानको अनुसूची बमोजिम स्थानीय तहको अधिकार सूची, स्थानीय सरकार संचालन ऐन, दिगो विकासका लक्ष्य, नगरको दोस्रो पन्चवर्षीय आवधिक योजना, रोजगार रणनीति, राजस्व सुधार कार्ययोजना, संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाको नीति र प्राथमिकतालाई ध्यानमा राखेको छु ।

सभाध्यक्ष ज्यू,

अब म चालु आर्थिक वर्षमा भएका महत्वपूर्ण कार्यक्रम तथा उपलब्धीहरु यस नगरसभामा पेश गर्ने अनुमति चाहान्छु ।

१. चालु आर्थिक वर्षमा विनियोजन भएको कुल बजेटको ११ महिना सम्ममा नगरपालिकाको वित्तीय प्रगति ६०.५ प्रतिशत रहेको छ । नगरको चालु खर्च ६९.०६ प्रतिशत रहेको छ भने पूँजीगत तर्फ ३७.६ प्रतिशत रहेको छ ।

२. नगरबासीहरूलाई सुलभ र गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा स्थानीयस्तरमै उपलब्ध गराउने नगरपालिकाको लक्ष्य अनुरूप मिति २०८२/०९/१४ गते 'देवचुली नगर अस्पतालको नवनिर्मित भवनको विधिवत् समुद्घाटन भई सञ्चालनमा आएको छ ।

३. भूमिहीनहरूको सुरक्षित आवास र भू-स्वामित्व सुनिश्चित गर्ने अभियान अन्तर्गत वडा नं. ४ का १३८ जना र वडा नं. १७ का ५० जना गरी कुल १८८ भूमिहीन दलित तथा सुकुम्बासी परिवारलाई जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) वितरण गरिएको छ ।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र पालिकाको लागत साझेदारीमा सञ्चालित नवप्रवर्तन साझेदारी परियोजना (कृषि पर्यटन प्रवर्द्धनका लागी कृषक पाठशाला) अन्तर्गत वडा नं. १, ६, १० र १७ मा कार्यक्रम सञ्चालन भइरहेको र यसै अन्तर्गत 'पृथ्वी मगर सामुदायिक होमस्टे' घोषणा गरिएको ।



Scanned with OKEN Scanner

५. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ८६.५ अंकसहित देवचुली नगरपालिका जिल्लामै प्रथम हुन सफल भएको छ। साथै, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन मूल्याङ्कनमा ७१.२३ अंक प्राप्त गरी जिल्लाभरिमा पहिलो स्थान हासिल गरेको छ।

६. चालू आर्थिक वर्षमा नगरको यातायात सञ्जाल, जलाधार व्यवस्थापन र नागरिक आवास सुदृढीकरण तर्फ हालसम्म ६७५ मिटर सडक कालोपत्रे, ३,६७५ मिटर सडक ग्राभेल तथा स्तरोन्नति, १४ वटा कल्भर्ट र ५,८३९ मिटर सडक तथा सिँचाई प्रयोजन नाला निर्माण सम्पन्न गरिएको; साथै संस्थागत एवं सामाजिक विकासतर्फ १० वटा सामुदायिक भवन, विपन्न वर्गका लागि १७ वटा सुरक्षित आवास र पर्यावरण तथा विपद् व्यवस्थापनतर्फ १,९७७ मिटर कंक्रिट वालसहित मेष जाली निर्माण कार्य सफलतापूर्वक सम्पन्न भएको छ ।

७. प्रगतिनगर स्वास्थ्य चौकी भवन निर्माण कार्य पूर्ण रूपमा सम्पन्न भएको छ ।

८. नमुना विद्यालय विकास कार्यक्रम तथा शैक्षिक बजेट अन्तर्गत भीमसेन स्कुलको भौतिक पूर्वाधार (भवन) निर्माण कार्य सम्पन्न भई हाल होस्टेल भवन निर्माण कार्य अगाडि बढेको । साथै राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत वडा नं. १६ स्थित देवचुली मा.वि. को ४ कोठे भवन निर्माण कार्य सम्झौता भई निर्माण भइरहेको ।

९. नगर तथा वडा बजेट मार्फत वडा नं. १३ मा बगुही खोलादेखि दलदले बजारसम्म ६९२ मिटर नाला (Drainage) निर्माण कार्य अन्तिम चरणमा पुगेको । कृषिको आधुनिकीकरणका लागि वडा नं. १७ मा डिप बोरिङ तथा वडा नं. १२ मा सिँचाई पोखरी निर्माण कार्य सफलतापूर्वक सम्पन्न भएको ।

१०. नगरपालिका तथा नगर अस्पतालका लागि आवश्यक स्टेसनरी, औषधि, सेनेटरी प्याड एवं औषधिजन्य सामग्रीहरू सार्वजनिक खरिद ऐन बमोजिम विद्युतीय बोलपत्र (e-GP) आह्वान तथा मूल्याङ्कन गरी खरिद प्रक्रिया सम्पन्न गरिएको ।

११. नगर दररेट स्वीकृतिको आधारमा वैज्ञानिक प्रविधि (Software) को प्रयोग गरी निर्माण कार्यहरूको दर विश्लेषण (Rate Analysis), विस्तृत लागत अनुमान (Cost Estimate) तथा मूल्याङ्कन कार्यलाई पारदर्शी र व्यवस्थित बनाइएको ।

१२. संघीय सरकार तथा नगरपालिकाको समपूरक एवं संयुक्त बजेट अन्तर्गत चक्रपथ (Ring Road) निर्माण, विभिन्न सडक खण्डहरूको मर्मत (वडा नं. १, ४, ५, ७, ९, १०, १६, १७) तथा वडा नं. ८, ११, १५ मा ४७२ मिटर सडक कालोपत्रे गर्ने कार्य बोलपत्र सम्झौता भई कार्यान्वयनको चरणमा रहेको ।

१३. संघीय सरकारको हस्तान्तरित कार्यक्रम र नगर/वडा बजेट मार्फत संसार चोक दक्षिण र बिहानी मार्गमा ६१५ मिटर कालोपत्रे सडक निर्माण सम्पन्न भएको। साथै, टाँगीकोट चोकदेखि प्राकृतिक चिकित्सालय (नयाँ मार्ग, वडा नं. १६) र वडा नं. १, ३, ५, ९, १२ का सडक कालोपत्रे तथा मर्मत कार्यहरू सम्झौता भई अघि बढेको ।



Scanned with OKEN Scanner

१४. संघीय सरकारको विशेष अनुदान अन्तर्गत वडा नं. १, १३, १४, १५, १७ मा १८८७ मिटर र वडा नं. १७ मा थप ९० मिटर कंक्रिट ढलानसहित मेष जाली एवं कल्भर्ट निर्माण कार्य अन्तिम चरणमा रहेको । साथै लक्षित वर्गका लागि कुल १७ वटा 'विपन्न नागरिक आवास' निर्माण कार्य सम्पन्न हुने चरणमा पुगेको ।

१५. प्रदेश सरकारको विशेष अनुदान अन्तर्गत देवचुली डाँडा खानेपानी तथा पर्यटन पूर्वाधार निर्माण कार्य सञ्चालनमा रहेको। पर्यटन बोर्डको म्याचिङ फण्ड अन्तर्गत वडा नं. ७ मा गुम्बा पदमार्ग निर्माण सम्पन्न भएको र वडा नं. १ मा दिव्य पर्यटन पदमार्ग निर्माण कार्य बोलपत्र मार्फत सम्झौता भई अघि बढेको ।

१६. स्थानीय सहभागितामूलक विकास अन्तर्गत उपभोक्ता समिति मार्फत कुल २०५ वटा योजनाहरूको सम्झौता गरिएकोमा ११२ वटाको भुक्तानी सम्पन्न भई बाँकी प्रक्रियामा रहेको । वडाको सिफारिसका आधारमा जम्मा ३० वटा साना योजनाहरू मात्र सोझै खरिद तथा सूचना प्रकाशन मार्फत कार्यान्वयन गरिएको ।

१७. सहरी क्षेत्रको व्यवस्थित विकासका लागि चालू अवधिमा ८५ वटा भवनको नक्सा पास सम्पन्न, १५१ वटाको अभिलेखीकरण र ६५ वटाको नामसारी गरी जम्मा ३०१ वटा घरहरूलाई नियमानुसार नक्सा पास तथा अभिलेखको दायरामा ल्याइएको ।

१८. वातावरणीय सरसफाइतर्फ अल्पकालीन फोहोरमैला व्यवस्थापन केन्द्रमा खाडल व्यवस्थापन, पहुँचमार्ग निर्माण, ग्राभेल संग्रह तथा उपयोग र  घेराबार गर्ने कार्य सम्पन्न गरिएको ।

१९. शिक्षक प्रसुति बिदामा रहँदा विद्यार्थीको पठनपाठनमा हुने अवरोध हटाउन नगरपालिकाले 'प्रसुति बिदा क्षति न्यूनीकरण अनुदान' मार्फत वैकल्पिक शिक्षकको व्यवस्था गरी शैक्षिक निरन्तरता सुनिश्चित गरेको।

२०. प्रारम्भिक बालविकास केन्द्रहरूको सिकाइ वातावरणलाई बालमैत्री र आकर्षक बनाउन 'बसाइ व्यवस्थापन' कार्यक्रम अन्तर्गत खेल सामग्री तथा शैक्षिक उपकरणहरू वितरण तथा बालविकास सहजकर्ताहरूको क्षमता विकास कार्यक्रम सम्पन्न गरिएको ।

२१. नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरिएको र सोही प्रतियोगिताबाट छनौट भएका खेलाडीहरूको ११ स्वर्ण सहित जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डमा नगरले चौथो स्थान हासिल गर्न सफल भएको ।

२२. वालिङ नगरपालिकामा सञ्चालित गण्डकी प्रदेश स्तरीय U 16 महिला फुटबलमा प्रथम स्थान प्राप्त गर्न सफल भएको ।

२३. राष्ट्रिय विद्यालय क्रिकेट प्रतियोगितामा देवचुली नगरपालिका स्थित भीमसेन आदर्श माध्यमिक विद्यालय प्रदेश प्रथम हुन सफल भएको ।

२४. विद्यार्थीहरूको उज्ज्वल भविष्य र सही शैक्षिक मार्ग पहिचानका लागि 'विद्यार्थी वृत्ति मार्गनिर्देशन' (Career Counseling) कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिएको छ ।

२५. नगर भित्रको खेलाडि उत्पादन तथा खेलकुदको दिगो विकास गर्ने उद्धेश्यले १६ वर्ष मुनीका खेलाडिहरुलाई फुटबल र क्रिकेटको ६० दिने प्रशिक्षण कार्यक्रमको सम्पन्न गरिएको ।



Scanned with OKEN Scanner

२६. नगरपालिकाको खेलकुद विकास र युवा प्रतिभा पहिचान गर्ने वार्षिक कार्यक्रम अनुसार 'पाचौं मेयरकप फुटबल प्रतियोगिता' तथा तेस्रो लिगको अनुभव सहितको T20 क्रिकेट प्रतियोगिता सञ्चालन तथा सम्पन्न गरिएको।

२७. नगरपालिकाको संरक्षकत्वमा जिल्लाकै दोस्रो धनराशी भएको देवचुली गोल्डकप फुटबल प्रतियोगिता, वडा नं ९ मा खुला पुरुष तथा भलिवल प्रतियोगिता, देवचुली महोत्सवमा विद्यालय स्तरीय महिला पुरुष भलिवल प्रतियोगिता, विभिन्न विद्यार्थी अतिरिक्त कृयाकलाप लगायत विधागत रुपमा विभिन्न खेलकुद प्रतियोगिता सम्पन्न गरिएको।

२८. युवा नीति २०८२ र Youth vision 2083 सम्वन्धी अन्तर्कृया कार्यक्रम र युवा केन्द्रित नेतृत्व विकास तथा युवासँग मेयर कार्यक्रम सञ्चालन, सम्पन्न गरिएको।

२९. शिक्षक, कर्मचारी, प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको क्षमता विकास कार्यक्रम सञ्चालन तथा सम्पन्न गरिएको।

३०. विद्यार्थी अतिरिक्त कृयाकलापमार्फत विद्यार्थीहरुको प्रतिभा पहिचान तथा शिक्षक विद्यार्थी, विद्यालय सम्मान समारोहमा विद्यार्थी शिक्षक तथा विद्यालय सम्मान र प्रोत्साहन कार्यक्रम सम्पन्न गरिएको ।

३१. विद्यालयहरुको सवारी साधनहरुको चेकजाँच गरी सम्पूर्ण सामुदायिक विद्यालयका सवारीसाधनहरुमा सि सि क्यामेरा सहितको प्रविधि जडान सूरु गरिएको।

३२. धान, चैते धान, मकै र गहुँको खेती विस्तार भई समग्र खाद्यान्न उत्पादनमा ३ देखि ५ प्रतिशतसम्मले वृद्धि भएको।

३३. व्यावसायिक तरकारी खेती अन्तर्गत गोलभेँडा र काँक्रो खेतीलाई क्रमशः ४५ र ४८ हेक्टर क्षेत्रफलमा विस्तार गरिएको।

३४. वार्षिक २८९.९५ मेट्रिक टन सयपत्री फूल उत्पादन भई हङकङ तथा युएई (UAE) सम्म निर्यात गर्न सफल भएको र प्लास्टिकजन्य माला पूर्ण रूपमा निषेध गरिएको।

३५. वार्षिक ४० मेट्रिक टन मह उत्पादन भइरहेको र बजारीकरणका लागि प्राकृतिक चिकित्सालय रजहरसँग समन्वय गरिएको।

३६. कृषि सेवा प्रवाहलाई व्यवस्थित र पारदर्शी बनाउन "किसान कार्ड" अनिवार्य गर्दै हालसम्म २६९७ घरपरिवारलाई किसान सूचीकरण प्रणालीमा दर्ता गरिएको।

३७. माटोको स्वास्थ्य सुधार गर्न ७५% अनुदानमा १०,००० के.जी. कृषि चुन र १,१०० के.जी. जिंक वितरण गरिएको।

३८. विषादी न्यूनीकरणका लागि हाटबजारमा नियमित द्रुत विषादी अवशेष परीक्षण सञ्चालन गर्नुका साथै फौजी कीरा नियन्त्रण गर्न जैविक विषादी, रसायानीक र ट्रयाप वितरण गरिएको।

३९. साना सिँचाइ विकास कार्यक्रम अन्तर्गत १७ वटा कृषक समूहलाई कुलो निर्माण, बोरिङ तथा पाइप विस्तार गरिएको।



Scanned with OKEN Scanner

४०. नवीनतम अभ्यास अन्तर्गत ७ बिघामा व्यावसायिक खर्बुजा खेती र स्ट्रबेरी खेतीको सफल परीक्षण सुरुवात गरिएको।

४१. नगरभित्रका कुल ८,०३४ वटा गाई, भैँसी, बाख्रा तथा कुखुरालाई निःशुल्क उपचार तथा अत्यावश्यक औषधि वितरण गरी पशु स्वास्थ्य संरक्षणमा जोड दिइएको साथै रोगको वैज्ञानिक पहिचान तथा निदानका लागि प्रयोगशाला मार्फत गोबर परीक्षण, दूध परीक्षण र कुखुराको पोस्टमार्टम (शवपरीक्षण) सेवा निरन्तर सञ्चालन गरिएको ।

४२. पशुधनको सुरक्षाका लागि महामारीजन्य लम्पी स्किन रोग विरुद्ध विशेष अभियान सञ्चालन गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, कावासोतीको प्राविधिक सहकार्यमा ९ जना खोपकर्ता परिचालन गरी नगरका सबै वडाहरूमा वृहत निःशुल्क खोप कार्यक्रम सम्पन्न गरिएको।

४३. जनस्वास्थ्य सुरक्षा र रेबिज रोग उन्मूलन रणनीति अन्तर्गत नगरक्षेत्रका घरपालुवा कुकुरहरूमा रेबिज विरुद्धको खोप लगाइएको । साथै छाडा तथा सामुदायिक कुकुरहरूको संख्या नियन्त्रणका लागि सामुदायिक कुकुरहरूमा बन्ध्याकरण र रेबिज विरुद्धको खोप कार्यक्रम संयुक्त रूपमा सम्पन्न गरिएको।

४४. पशुजन्य उत्पादन बढाउन र नश्ल सुधा गर्न गाई र भैँसीमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको र पशुहरूमा रैथाने प्रजनन् समस्या न्यूनीकरणका लागि नियमित रुपमा गाई–भैँसीको आकस्मिक बाँझोपन निवारण सम्बन्धी विशेष उपचार सेवा सम्पन्न गरिएको।

४५. 'गाई-भैँसी नयाँ पकेट स्थापना कार्यक्रम' अन्तर्गत २३ जना कृषकलाई व्यवसायिक तालिम, साइलेज र घाँसको बिउ सहित निःशुल्क औषधि उपलब्ध गराइएको। पशुपालनलाई आयआर्जनसँग जोड्न 'बाख्रा पकेट विकास कार्यक्रम' मार्फत कृषकलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरी ४० वटा उन्नत जातका बाख्रा र ४ वटा बोका वितरण गरिएको।

४६. हिउँदे तथा वर्षे मौसममा पशु आहारको उपलब्धता सहज बनाउन क्रमशः ३८० र ४५० जना कृषकहरूलाई ५० प्रतिशत अनुदानमा उन्नत घाँसको बिउ वितरण गरिएको । साथै, डेरी प्रवर्द्धन, हे/साइलेज प्रवर्द्धन, कुखुरा पकेट विकास तथा मागमा आधारित कृषि/पशु यान्त्रीकरणका कार्यक्रमहरू सहकारी, संस्था र कृषक समूहहरूसँग सम्झौता गरी कार्यान्वयनको चरणमा लगिएको।

४७. देवचुली नगर अस्पतालमा हप्ताको ६ दिन हाल ५ दिन बिभिन्न बिषयको बिशेषज्ञ सेवा र दैनिक भिडियो एक्सरे सेवा,आखाँ उपचार केन्द्र, डेन्टल सर्जनबाट दाँत उपचार सेवा,पोस्ट मार्टम सेवा फिजियोथेरापी सेवा नियमित रुपमा सञ्चालन गरिएको।

४८. देवचुली-६ कीर्तिपुरमा १ दिने क्षयरोग पत्ता लगाउने सम्बन्धि निशुल्क एक्सरे शिबिर संचालन गरि ३१५ जनाको एक्सरे गर्दा ५ जना नया क्षयरोगी र २०८३ बैशाख १२ गते रजहर स्वास्थ्य चौकीमा ३८१ जनाको निशुल्क एक्सरे गरेकोमा ४ जना नया क्षयरोगी पत्ता लगाई नियमित उपचारमा रहेको।

४९. देवचुली नगरपालिकालाई नगर प्रमुखको अध्यक्षतामा मिति २०८३/०२/२१ गते पूर्ण खोप सुनिश्चिता तथा दिगोपना घोषणा सम्पन्न गरिएको।



Scanned with OKEN Scanner

५०. नगरभित्र बसोबास गर्ने १८३१३ जना ३५ बर्षमाथिका नागरिकलाई जापानिज इन्सेफ्लाइटिस बिरुद्दको खोप लगाएको ।

५१. नगर भित्रका कक्षा ६ मा अध्ययनरत सामुदायिक तथा सस्थागत बिद्यालयका ५९१ जना किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर बिरुद्दको खोप (HPV) लगाएको ।

५२. न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम अन्तर्गत सबै स्वास्थ्य सस्थामा फलोअप कार्यक्रम सम्पन्न भएको ।

५३. जेष्ठ नागरिक घरदैलो निशुल्क स्वास्थ्य परिक्षण,निशुल्क सुगर जाच,औषधि वितरण र परामर्श सेवा संचालनमा रहेको ।

५४. महिलाको पाठेघरको क्यान्सर सम्बन्धि VIA स्क्रेनिंङ्ग कार्यक्रम डाक्टर सहित १० ठाउमा संम्पन्न भएको ।

५५. घरमा सुन्य सुत्केरी कार्यक्रमको सबै वडामा गर्भवती महिलाको तथ्याकं संकलन गरी गर्भवती महिलाहरुलाई बर्थिंग सेन्टरमा सुरक्षित सुत्केरी गराउने सम्बन्धि सचेतना कार्यक्रम संचालन गरेको ।

५६. देवचुली नगरपालिको प्रथम नमुना बाल नगर सभा कार्यक्रम सम्पन्न गरिएको छ ।

५७. किशोरी आत्म रक्षा तालिम तथा किशोर किशोरी सशक्तीकरण कार्यक्रम अन्तर्गत विद्यालयहरुमा बालबालिका लक्षित सशक्तीकरण तथा सचेतना कार्यक्रम सम्पन्न

५८. उपमेयर संग महिला उद्यमशिलता तथा सशक्तीकरण कार्यक्रम अन्तर्गत १० दिने मादल बजाउने तालिम, बाजा बजाउने तालिम, ४५ दिने व्यूटिपार्लर सम्बन्धी स्पेसल कोर्स तालिम, बारिष्टा तालिम, महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि उद्घघोषण तालिम सम्पन्न गरिएको ।

५९. न्यायिक समिति र मेलमिलापकर्ताहरूको बैठकबाट गत वर्षको जिम्मेवारी सरेको ८ र यस वर्ष थप दर्ता भएका ५६ गरी कुल ६४ वटा उजुरीहरू मध्ये ४८ वटा उजुरीहरूको सफलतापूर्वक समाधान/फछ्र्यौट गरिएको, २ ओटा रेफर गरिएको र बाकी १६ छलफलको क्रममा रहेको ।

६०. सामाजिक सुरक्षा भत्ता वितरणलाई सवल बनाउन प्रत्येक बडामा बायोम्याट्रिक जडान गरिएको र अझै व्यवस्थित बनाउनका लागि IRIS आँखाबाट गरिने मेसिन खरिद प्रकृयामा रहेको ।

६१. नसर्ने रोग ब्यबस्थापनको लागि नागरिक आरोग्य आयुर्वेद क्लिनिक संचालनबाट जम्मा १४९९ जना लाभग्राहीहरु लाई निशुल्क सेवा प्रदान गरिएको ।

६२. स्थानिय जडीबुटी पहिचान एवम प्रवर्धन, विधालय आयुर्वेद तथा योग शिक्षा, भान्सा सुधार, स्तनपायी आमा जस्ता कार्यक्रम बिभिन्न वडामा सम्पन्न गरिएको ।

६३. जेष्ठनागरिक स्वास्थ्य प्रवर्धन, नागरिक आरोग्य समुह गठन, निशुल्क आयुर्वेद स्वास्थ्य शिविर, उपचारात्मक योग तथा पंन्चकर्म/पूर्वकर्म कार्यक्रम संचालन गरिएको ।

६४. विद्यालयमा दिवा खाजा व्यवस्थापन तथा सहजिकरणका लागि ३ विद्यालयलाई दिवा खाजा सहायता सामाग्री वितरण गरिएको तथा ६ वटा वडाहरुमा पोषण कर्नर निर्माण गरिएको ।



Scanned with OKEN Scanner

६५. नगरपालिकाको गौरवको रूपमा रहेको देवचुली डाँडाको पर्यापर्यटन विकासका लागि माननीय सांसद, प्रमुख जिल्ला अधिकारी र कार्यपालिका सदस्यहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न गरिएको छ। साथै, स्थानीय पर्यटकीय स्थलहरूको प्रचारका लागि देवचुली होटल व्यावसायी संघको समन्वयमा तनहुँ, कास्की र बागलुङ जिल्लाहरूमा अन्तरक्रिया कार्यक्रम गरिएको छ।

६६. नगरपालिका र उद्योग वाणिज्य संघसँगको समन्वयमा सप्ताहव्यापी व्यवसाय दर्ता तथा नवीकरण शिविर सञ्चालन गरिएको छ।

६७. "आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धन" शीर्षक अन्तर्गतको बजेट बाडफाड भई ५ बटा वडाहरुमा योजनाहरु सन्चालनमा गरि २५ जाना बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गरिएको छ ।

६८. वैदेशिक रोजगारबाट फर्किएका तथा स्वरोजगारमा रुचि भएका व्यक्तिहरूका लागि ३ दिने उद्यमशीलता विकास तालिम सञ्चालन गरिएको।

६९. स्थानीय श्रमिक र रोजगारदाताबीच सकारात्मक श्रम सम्बन्ध विकास गर्न औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई लक्षित गरी "श्रमको सम्मान राष्ट्रको अभियान" कार्यक्रम सञ्चालन गरिएको ।

७०. स्थानीय श्रम व्यवस्थापन, रोजगार प्रवर्द्धन तथा श्रमिक सेवाहरूलाई संस्थागत गर्न श्रम डेस्क घोषणा कार्यक्रम सम्पन्न गरिएको छ ।

सभाध्यक्ष ज्यू,

अब म आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका उद्धेश्यहरू प्रस्तुत गर्न चाहन्छु ।

१. कृषि क्षेत्रको उत्पादन र उपदाकत्व वृद्दि गर्ने

२. उद्यमशिलता प्रर्वधन तथा रोजगारी सृजना गर्ने

३. गुणस्तरीय स्वास्थ्य सेवामा नागरिक पहुँच विस्तार गर्ने

४. रोजगारमूलक, व्यवहारिक र प्राविधिक सीप तथा तालिम मार्फत रोजगारीको सिर्जना

नगरसभाका सभाध्यक्ष ज्यू,

नगरसभाका सदस्य ज्यूहरु,

अब म यस सम्मानित नगरसभामा आगामी आर्थिक वर्ष २०८३/८४ को लागि प्रस्तावित आय र व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१.** कुल विनियोजित वजेटमा विषयगत क्षेत्र अन्तर्गत सामाजिक विकास क्षेत्र तर्फ रु ४३ करोड ५० लाख ३१ हजार , आर्थिक विकास क्षेत्र तर्फ रु ८ करोड ३ लाख २१ हजार, पुर्वाधार विकास क्षेत्र तर्फ रु २४ करोड ३० लाख ९ हजार, सुशासन तथा अन्तरसम्बन्धि तथा वन वातावरण र विपद तर्फ रु ४ करोड २० लाख,



Scanned with OKEN Scanner

कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र तर्फ रु १८ करोड १६ लाख ९२हजार ४ रुपौया वजेट विनियोजन गरेको छु ।

२. वडा नं १ देखि १७ सम्मका वडामा एक वडा एक गौरव योजनाको लागी ३ करोड ९१ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

३. संघीय सरकार र प्रदेश सरकारसँगको समन्वयमा सञ्चालन हुने विभिन्न विकास आयोजनाहरूमा नगरको तर्फबाट गरिने साझेदारीका लागि रु. २ करोड ५० लाख विनियोजन गरेको छु ।

४. नगर गौरवको रुपमा रहेको नगर रिङरोड निर्माणको लागी रु २ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

५. राष्ट्रिय स्तरमै ख्याति प्राप्त रजहरस्थित सामुदायिक प्राकृतिक चिकित्सालयको भौतिक पूर्वाधार र सेवा विस्तारका लागि पूँजीगत अनुदान स्वरूप रु. २ करोड व्यवस्था गरेको छु ।

६. ठेक्का प्रक्रियाका अधुरा योजनाहरूलाई सम्पन्न गर्न रु. २ करोड बजेट सुनिश्चित गरेको छ ।

७. चौतारा बाह्राकोल सडक स्तरउन्तीको लागी रु १ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

८. मानव र वन्यजन्तु द्वन्द्ध न्यूनिकरण र कृषि बालीको क्षति कम गरी उत्पादकत्व बढाउन नारायणी नदीतर्फ पक्की ढलान सहितको पर्खाल र तारबार लगाउने रणनीतिक कार्यका लागि रु. १ करोड २५ लाख विनियोजन गरेको छु ।

९. निर्माण सम्पन्न भई संचालनमा रहेको देवचुली नगर अस्पताल संचालन तथा व्यवस्थापनको लागी रु १ करोड बजेट विनियोजन गरेको छु ।

१०. सौन्दर्यीकरणलाई उच्च प्राथमिकता दिँदै "कालिका सामुदायिक (ग्रिनरी) park निर्माण" नगर गौरवको कार्यक्रम सञ्चालनका लागि रु. ७५ लाख विनियोजन गरेको छु ।

११. समग्र खेलकुद क्षेत्रको युवा, खेल, खेलाडी उत्पादन र खेल प्रशिक्षणको लागि रु ५५ लाख विनियोजन गरेको छु ।

१२. नगरभित्रको शैक्षिक पूर्वाधारलाई सुदृढ र नमूना बनाउने नीति अनुरूप वडा नं. ११ मा अवस्थित सूर्यकिरण आधारभूत विद्यालयको भौतिक विकास र शैक्षिक विस्तार कार्यक्रमका लागि विशेष अनुदान अन्तर्गत रु. ४० लाख विनियोजन गरेको छु ।

१३. विद्यार्थी मेयर छात्रवृत्ति कार्यक्रमको निरन्तरता स्वरुप रु ४० लाख बजेट विनियोजन गरेको छु ।

१४. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत स्थानीय कृषकहरूको प्राविधिक क्षमता अभिवृद्धि र आधुनिक कृषिको प्रवर्द्धनका लागि रु. ३८ लाख विनियोजन गरेको छु ।

१५. नगरभित्रका युवा जनशक्तिलाई दक्ष, आत्मनिर्भर र स्वरोजगार बनाउने उद्देश्यका साथ "उद्यमी युवा, सिक्दै र कमाउँदै" कार्यक्रम संचालनको लागी रु. २५ लाख विनियोजन गरेको छु ।



Scanned with OKEN Scanner

१६. बाझो जग्गा व्यवस्थापनको लागी भूमि बैंकं, रोजगारी सृजना गर्न रोजगारी बैंकं, श्रमको विकास गर्न श्रम बैंकं मार्फत नगर रोजगार कार्यक्रम संचालनको लागी रु २५ लाख बजेट बिनियोजन गरेको छु ।

१७. विकासमा नागरिक सहभागिता र अपनत्वको लागी सडक पूर्वधारमा जनता साझेदारी कार्यक्रम संचालन गर्न रु २५ लाख बजेट विनियोजन गरेको छु ।

१८. नगर अस्पताल देखि बैलाहा खोला सम्म नाली निर्माणको लागी रु २० लाख बजेट विनियोजन गरेको छु ।

१९. विद्यार्थी संख्या र भौगोलिक दुरीको आधारमा विद्यालय समायोजन गरी ठुला विद्यालय निर्माण कार्यको लागि विद्यालय समायोजन प्रोत्साहन तथा पूर्वाधार व्यवस्थापनको लागि रु २० लाख बजेट व्यवस्थापन गरेको छु ।

२०. भान्सा सुधार कार्यक्रम, नागरिक आरोग्य क्लिनिक, स्वास्थ्य जीवन प्रवर्द्धनका लागि सकरात्मक सोच अभिवृद्धि कार्यक्रम, स्थानीय जडिबुटीको परिचयात्मक कार्यक्रम, आयुर्वेदिक औषधी निर्माण तथा निशुल्क आयुर्वेद स्वास्थ्य शिविर लगायतका कार्यक्रमको लागि रु २० लाख बजेट विनियोजन गरेको छु

२१. शासन र नागरिक केन्द्रित सेवा प्रवाहलाई सुदृढ तुल्याउने उद्देश्यका साथ 'नागरिक सेवा कक्ष' को पूर्वाधार निर्माण, सञ्चालन तथा प्रभावकारी व्यवस्थापनका लागि रु. १२ लाख रुपैयाँ विनियोजन गरेको छु ।

२२. नगरपालिकाबाट प्रवाह हुने सेवालाई थप चुस्त, नियमित र नागरिकमैत्री बनाउने कार्यको लागि " समय मेरो, सेवा तपाईको" कार्यक्रम अन्तर्गत रु. ९ लाख विनियोजन गरेको छु ।

२३. "लक्षित वर्ग तथा अल्पसङ्ख्यक समुदायको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यका साथ बोटे, माझी र मुसहर बस्तीहरूमा खानेपानीको पहुँच विस्तार गर्न रु. ७ लाख बजेट व्यवस्था गरेको छु ।

२४. दुग्ध उत्पादक कृषकहरुलाई प्रति लिटर १ रुपैयाँका दरले दिइदै आइएको प्रोत्साहनलाई निरन्तरता दिएको छु ।

२५. किसानको गोठमा पशु सेवा प्राविधिक र खेतमा कृषि सेवा प्राविधिक सेवा प्रदान गर्ने व्यवस्था मिलाएको छु ।

२६. नगर जनस्वास्थ्य कार्यक्रम मार्फत ज्येष्ठ नागरिक घर दैलो कार्यक्रम, स्वास्थ्य शिविर जस्ता कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२७. मुख्य बजार र हाइ वे क्षेत्रमा आवश्यक सुरक्षा व्यवस्थापन गर्न सि सी क्यामेरा जडान कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२८. संघ र प्रदेशबाट हस्तान्तरित तथा स्थानीय स्रोत बाट संचालित हुने आयोजनाहरुको आयोजना व्यवस्थापन खर्च १ प्रतिशत कायम गर्ने व्यवस्था गरेको छु ।

२९. कर्मचारीलाई नियमअनुसार उपलब्ध गराउदै आएको इन्धनको सुविधालाई कार्यविधि बनाई व्यवस्थित बनाईनेछ ।



Scanned with OKEN Scanner

३०. नगरभित्र संचालित कार्यक्रमहरुमा हुने खर्चको मापदण्ड संशोधन गरी अधिकतम रु १५० कायम गरिएको छ।

३१. आन्तरिक स्रोत र राजस्व वाँडफाँड तर्फका आयोजनाहरुको बजेट निकासा भए पश्चात मात्र सम्झौता प्रक्रिया अगाडी बढाई कार्यान्वयन गरिनेछ।

३२. निश्चित समयमा गर्नुपर्ने भनी तोकिएका बाहेकका तालिम, सेमिनार र गोष्ठीहरु बैशाख मसान्त भित्र गरिसक्नुपर्ने व्यवस्था मिलाएको छु।

सभाध्यक्ष ज्यू,

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि चालुतर्फ रु ५९ करोड ९३ लाख ६४ हजार ३८ र पूँजिगत तर्फ ३७ करोड ९९ लाख ८८ हजार ९ सय ६६ रुपैयाँ गरी व्यय तर्फ कुल ९७ करोड ९३ लाख ५३ हजार ४ रुपैयाँको वार्षिक वजेट तथा कार्यक्रम पेश गरेको छु। सङ्घीय सरकारको सशर्त अनुदान ३६ करोड ५९ लाख, वित्तीय समानीकरण अनुदान १३ करोड ८४ लाख, विशेष अनुदान १ करोड २० लाख र राजस्व बाँडफाँड १३ करोड १५ लाख ४४ हजार समावेश गरेको छु। यसै गरी गण्डकी प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान १ करोड ७५ लाख र राजश्व बाँडफाँड बापत रु १ करोड ५७ लाख ८९ हजार, ४ सय ६३, विशेष अनुदान तर्फ रु ४० लाख र समपुरक अनुदानतर्फ रु ६० लाख रहेको छ। यस नगरपालिकाको आन्तरिक आय ८ करोड ५० लाख, र चालु आ.व. को नगद मौज्दात बैंक अल्या बाट रु १६ करोड २ लाख १९ हजार ५ सय ४१ गरी कुल कुल ९७ करोड ९३ लाख ५३ हजार ४ आय हुने अनुमान प्रक्षेपण गरेको छु। बजेट तथा कार्यक्रम अनुसूची यसै साथ संलग्न गरिएको छ।

यस बजेट तथा कार्यक्रमसँगै आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ समेत यस सम्मानित नगर सभामा पेश गरेको छु।

अन्त्यमा,

प्रस्तुत वजेट निर्माणको क्रममा आवश्यक मार्गदर्शन तथा सल्लाह सुझाव प्रदान गर्नुहुने आदरणीय नगर प्रमुख ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, नगरसभाका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दल, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत लगायत सम्बन्धित सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछु। अन्त्यमा, प्रस्तुत योजना, बजेट तथा कार्यक्रमहरु नीति अनुरुप कार्यान्वयनमा सबैबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिँदै बजेट कार्यान्वनको लागि अपेक्षा गर्दछु।

धन्यवाद।



Scanned with OKEN Scanner